सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकस, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३ (कृषि)
चलानी नम्बर :

## कार्यक्रम संचालनको लागि सुचिकृत हुने तथा निवेदन पेश गर्ने सूचना
**प्रथम पटक प्रकाशन: २०८२/०८/१४**

प्रस्तुत विषयमा सिम्ता गाउँपालिका, कृषि विकास शाखाको आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनु तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न कृषि व्यवसायमा संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृ फार्म/उद्मी कृषकबाट निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मिति २१ दिन (२०८२/०९/०५) भित्र कार्यलयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्ह गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि ९८४६८५७७२९ मा सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | बजेट (रु. हजारमा) | अनुदान प्रतिशत | लाभग्राही |
|---|---|---|---|---|---|
| १. | मध्य पहाडी मकै बाली प्रवर्धन कार्यक्रम | क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग | ८,०० (नेपाल सरकार- शसर्त अनुदान ) | दफा ४ बमोजिम | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्दमी कृषक |
| २. | रैथाने बाली प्रवर्धन कार्यक्रम | रैथाने बाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदान | ७,०० (नेपाल सरकार- शसर्त अनुदान ) | दफा ४ बमोजिम | कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्दमी कृषक |
| ३. | साना सिंचाई प्रवर्धन कार्यक्रम | सिंचाई पोखरी/ कुलो/ प्लास्टिक पोखरी/ सिंचाई पाईप/मोटर निर्माण तथा जडान/ नविन सिंचाई प्रविधि (थोपा सिंचाई/ स्प्रिङ्कलर सिंचाई) | ७,०० (नेपाल सरकार- शसर्त अनुदान ) | दफा ४ बमोजिम | कृषि फार्म /समूह/सहकारी/ उद्दमी कृषक |

**प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २० को परिच्छेद २ "दफा ४" बमोजिम अनुदान रकमको सीमा र प्रतिशत देहाय बमोजिम हुनेछः-**

क) सार्वजनिक कृषि पूर्वाधार निर्माणको हकमा शत (१००) प्रतिशत।

ख) सामुदायिक कृषि पूर्वाधारको निर्माण तथा मर्मतको हकमा अधिकतम पचासी (८५) प्रतिशत।

ग) निजी कृषि पूर्वाधारको हकमा अधिकतम पचास (५०) प्रतिशत।

घ) कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण सामग्री एवम् कृषि मेशिनरी, औजार उपकरणको हकमा अनुदानको सिमा (५०) प्रतिशत।

सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३ (कृषि)
चलानी नम्बर :

- **"सामुदायिक पूर्वाधार"** भन्नाले कृषक समूह/कृषि सहकारी/उपभोक्ता समिति/अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रसोधन पूर्वाधार, कृषि बजार पूर्वाधार, प्रांगारिक तथा जैविक मल/विषादी कारखाना/प्रयोगशाला लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धी पुर्वाधारहरु सम्झनु पर्छ ।
- **"सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिंचाईका पूर्वाधारहरु तथा प्रांगारिक तथा जैविक मल/विषादी प्रयोगशाला लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पुर्वाधारहरु सम्झनु पर्छ ।

***विगत दुई आर्थिक वर्ष भित्र कुनै पनि सरकारी निकायबाट कृषि सम्बन्धि अनुदान नलिएको हुनुपर्ने***

**आवश्यक कागजातः**

१. कृषि व्यवसाय गर्ने अनुसूची-२(क) अनुसारको निवेदन र प्रस्ताव ।
२. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा)।
३. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
४. गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी ।
५. गत आ.व. सम्म कर बुझाएको प्रमाणपत्रको प्रतिलिपि ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
८. प्रतिबद्धता पत्र ।

.......................................

.......................................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री सूचना प्रविधि शाखा: Website मा upload गरिदिनुहुन ।

अनुसूची – २ (क)

<u>अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा</u>

मिति: २०८२/......./.......

विषय: अनुदान उपलब्ध गराइदिनुहुन ।

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
सिम्ता गाउँपालिका
राकम, सुर्खेत ।

महोदय,

तहाँ कार्यलयबाट मिति ................................. मा प्रकाशित सूचना अनुसार संचालन हुन लागेको .............................. ....................................................... कार्यक्रमको उदेश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम संचालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

<u>तपसिल</u>:

अनुदानग्राहीको नाम:
ठेगाना:
स्थानीय तह:
वडा नं:
कार्यक्रमको नाम:
कार्यक्रमको उदेश्य:
अनुदान रकम आवश्यक पर्नुको कारण:
संचालन गरिने कार्यक्रम:
कार्यक्रम संचालन गर्न लाग्ने कुल लागत:
कार्यक्रम सम्पन्न गर्न लाग्ने कुल समय:
कार्यक्रम संचालन गर्ने कार्ययोजना:
कार्यक्रमबाट लाभान्वित जनसंख्या:

<u>निवदेक</u>

## प्रतिबद्धता पत्र

सिम्ता गाउँपालिका कृषि विकास शाखा राकम, सुर्खेतको मिति.........................गतेको सूचना अनुसार ......... ........................ ......................................... ......... ......... ... ... ............. कार्यक्रममा सहभागिताको लागिइच्छुक भई सोको व्यावसायिक योजना सहितको आवेदन पेश गरेको/का छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ...........वर्ष सम्म निरन्तरता दिनेछु / छौं। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा आगामी पाँच वर्षभित्र सो व्यवसाय बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित कानून बमोजिम ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं। प्रस्तावित योजनासँग सम्बन्धित कार्यक्रमका लागि विगत दुई आर्थिक वर्ष भित्र कुनै पनि निकायबाट अनुदान नलिएको व्यहोरा अनुरोध छ।

**आवेदकको तर्फबाट**

नामः

पदः

सम्पर्क नम्बर.:

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |